NSW GOVERNMENT

What do I need to know if my child is expelled?

Parent/carer information

# यदि मेरो बच्चा विद्यालयबाट निष्कासित भएको छ भने मैले के जान्न आवश्यक छ?

## अभिभावक/हेरचाहकर्ताको लागि जानकारी

### निष्कासन भनेको के हो?

निष्कासन तब हुन्छ जब प्रधानाध्यापक र निर्देशक, शैक्षिक नेतृत्वले एउटा विद्यार्थीलाई विद्यालय छोडेर जानु र नफर्किनु भनेर भन्दछ। निष्कासन भनेको एउटा गम्भीर विषय हो। तपाईंको विद्यालयले निष्कासन गर्ने निर्णय गर्नु अघि तपाईंको बच्चालाई सहयोग गर्ने हरेक प्रयास गर्नेछ।

प्रिन्सिपलले विद्यार्थीलाई दुई कारणले निष्कासन गर्न सक्नुहुन्छ:

- विद्यार्थीहरुले गम्भीर चिन्ताको व्यवहार देखाए र उनीहरुको व्यवहारलाई व्यवस्थापन गर्ने योजनाले काम गरेन।
- विद्यार्थीहरु १७ वर्ष भन्दा बढी उमेरका छन् र पढाइमा भाग लिएका छैनन्।

प्रिन्सिपलले निष्कासन गर्ने निर्णय गर्नु अघि विद्यालयले तपाईंको बच्चाको आवश्यकता र पृष्ठभूमिलाई ध्यानमा राखेर उनीहरुको पढाईमा कसरी समर्थन गरेको छ भन्ने कुरा सोच्नुहुनेछ।

निष्कासन गर्नु अघि, प्रधानाध्यापकले आफूले तपाईंको बच्चालाई निष्कासन गर्ने बारे सोचिरहेको भनेर थाहा दिन तपाईंलाई सम्पर्क गर्नेछन्। उनले सम्भावित निष्कासनको लिखित सूचना जारी गर्नुका साथै यसको कारणहरु दिन र यदि तपाईंको बच्चालाई निष्कासन गरेमा के हुन्छ भनेर कुरा गर्न तपाईं र तपाईंको बच्चालाई एउटा मिटिंगमा बोलाउनेछन्। सबै सम्बन्धित कागजपत्रहरू प्रधानाध्यापकले तपाईंलाई उपलब्ध गराउने छन्। तपाईंले एकजना सहयोगीलाई आफूसँग ल्याउन सक्नुहुन्छ। उक्त सहयोगी व्यक्तिले तपाईं र/वा तपाईंको बच्चालाई भावनात्मक वा व्यवहारिक सहयोग प्रदान गर्न सक्छन्।

बैठक पछि, तपाईंको बच्चा किन निष्कासित नहुनु पर्ने हो भन्ने कारण सहित विद्यालयलाई जवाफ दिन तपाईंसँग सात शैक्षिक दिनहरु हुनेछन्। प्रधानाध्यापकले यो जवाफलाई निर्णय गर्ने प्रक्रियाको एक भागको रुपमा प्रयोग गर्नेछन्।

### मेरो बच्चा निष्कासित भयो भने के हुन्छ?

प्रिन्सिपल र निर्देशक, शैक्षिक नेतृत्वले एउटा विद्यार्थीलाई निष्कासन गर्ने हो भने सँगै निर्णय गर्नुहुनेछ। एउटा विद्यार्थीलाई निष्कासन गर्ने निर्णय गरेको २४ घण्टा भित्र, प्रिन्सिपलले विद्यार्थी र उनीहरुको अभिभावक वा हेरचाहकर्ताहरूलाई बताउनु पर्नेछ र NSW शिक्षा विभागलाई सूचित गर्नुपर्नेछ।

यदि तपाईंको बच्चा १७ वर्षको उमेर भन्दा कमका छन् र उनको व्यवहारको कारणले निष्कासित भएका छन् भने प्रिन्सिपलले पढाईलाई निरन्तर दिन १५ शैक्षिक दिनहरु भित्र नयाँ विद्यालय वा वैकल्पिक सेटिङ्ग खोज्नुपर्नेछ।

यदि तपाईंको बच्चा १७ वर्षभन्दा बढी उमेरको भएमा, तपाईं र तपाईंको बच्चाले अध्ययनलाई निरन्तरता दिन वा रोजगारी तिर जान विकल्पहरू हेर्न थाल्नुपर्छ।

### मैले विद्यालयबाट कस्तो जानकारी पाउन सक्छु?

तपाईंले विद्यालयसँग के भएको थियो र किन भएको थियो भन्ने विषयमा थप जानकारी माग गर्न सक्नुहुन्छ। विद्यालयले तपाईंलाई कुनैपनि निर्णयको पछाडि कस्ता कारणहरू थिए, अब कस्ता कार्यहरू हुनेछन् र तपाईँलाई चित्त नबुझेमा के गर्ने के गर्ने भन्ने बुझाउनु पर्छ।

### के म निष्कासनको अपिल गर्न सक्छु?

सक्नुहुन्छ, यदि तपाईंलाई प्रिन्सिपल र निर्देशक (शैक्षिक नेतृत्व) ले गलत निर्णय गरेको लागेमा वा सहि कार्यविधिको पालना नगरेको लागेमा तपाईंले अपिल गर्नसक्नुहुन्छ। अपिल संसाधन हेर्नुहोस्।

तपाईंको बच्चाको पक्षमा वकालत गर्ने बारे  जानकारी, साथै विद्यालयहरुसँग सम्पर्क गर्ने तरिकाहरु वर्णन गर्ने हाम्रो स्कुल कम्युनिटि चार्टर उपलब्ध छ।

### म कसरी उजुरी गर्नसक्छु?

यदि तपाईंलाई निष्कासन, गरिएको निर्णय वा प्रदान गरिएको समर्थनसम्बन्धी चिन्ता छ भने उजुरी गर्ने बारे थप जानकारी पाउन कृपया वेबसाइट रिफर गर्नुहोस्।

### टेलिफोन अनुवादक सेवा

यदि तपाईं विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईंको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन् । तपाईंलाई यो सेवाको लागि चार्ज गरिने छैन।